# गोकर्णेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जोरपाटी, काठमाडौं

फोन नं.: ०१-४९१४११४
०१-४९१४११५
फ्याक्स नं.: ०१-४९१४११६

३ नं. प्रदेश, नेपाल।


पत्र संख्याः ०७६।७७
चलानी नं. ६०७

मितिः.......२०७६।०७।०५

विषय : सुचना प्रकाशन गरिदिने सम्बन्धमा ।

श्री सबै वडा कार्यालयहरु,
गोकर्णेश्वर नगरपालिका ।

उपरोक्त सम्बन्धमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।०६।२९ गतेको च.नं. १६३ को पत्रानुसार बैदेशिक रोजगार बोर्डबाट आर्थिक सहायताका लागि स्थानीय तहबाट निवेदन दिने व्यवस्था सम्बन्धी सूचना सम्प्रेषण गराउन निर्देशन भई आएकोहुदा तहाँ वडा कार्यालयहरुवाट यसै पत्रसाथ संलग्न सूचना वडा स्तरमा सम्प्रेषण गर्नुहुन जानकारीका लागि अनुरोध छ ।

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

सूचना ! सूचना !! सूचना !!!

# बैदेशिक रोजगार वोर्डको आर्थिक सहायताकालागि स्थानीय तहबाट निबेदन दिने सम्बन्धी सूचना

**बैदेशिक रोजगार नियमावली (पाँचौ संशोधन), २०६४** अनुसार बैदेशिक रोजगारमा गएका **कामदारको करार अवधि भित्र वा करार अवधि समाप्त भएको एकवर्ष भित्र कुनै कारणले मृत्यु भएको मितिले एकवर्ष भित्र आर्थिक सहायताको लागि वोर्ड सचिवालय समक्ष प्रमाणित कागजात सहित निवेदन दिन सक्ने** व्यवस्था भएको छ ।

यसरी **आर्थिक सहायताको लागि निवेदन दिदा निवेदक स्वयं वोर्डको सचिवालयमा उपस्थित भएर** वा **सम्बन्धित स्थानिय तह (गाउपालिका/नगरपालिका) मार्फत समेत दिन सकिने व्यवस्था गरेको छ** । यसरी स्थानीय तह मार्फत निवेदन दिएको हकमा सम्बन्धित स्थानीय तहले निवेदन प्राप्त भएको सात दिन भित्र प्राप्त कागजात, प्रमाण सिफारिस सहित सक्कलै निवेदन बोर्डको सचिवालयमा पठाई सोको जानकारी निवेदकलाई दिनुपर्ने छ।

**बोर्डबाट आर्थिक सहायता रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु निवेदनका साथ पेश भएको खण्डमा निजकको हकवालाको बैङ्क खातामा सिधै जम्मा गरिने बयहोरा** समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| **क्र.स** | **मृतक कामदारका हकवालाले आर्थिक सहायताको लागि निवेदन पेश गर्नु पर्ने कागजातहरु ।** |
|---|---|
| १. | राहदानीमा गन्तब्य मुकुकमा पुगेको प्रमाणित हुने छाप भएको पृष्ठ र राहदानीवाहकको राहदनी नं., नाम र फोटो भएको पृष्ठको प्रतिलिपि । |
| २. | विदेश स्थित रोजगारदाता कम्पनी, नियोग/अस्पतालको मृत्युको प्रमाण र शव ल्याउदाको प्रज्ञापन पत्रको प्रतिलिपि (बिदेशमा मृत्यु भएको हकमा) । |
| ३. | नेपालमा मृत्यु भएकाको हकमा निज बैदेशिक रोजगारीबाट फर्केको आगमनको छाप लागेको पृष्ठको प्रतिलिपि । |
| ४. | स्थानीयतहले प्रदान गरेको मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि । |
| ५. | हकवालाको नागरिकता/नाता प्रमाणित र अविवाहित भए स्थानीय तहवाट अविवाहितको सिफारिस पत्र । |
| ६. | स्थानीय तहबाट हकवाल खुलेको फोटो र बैङ्कको नाम/शाखा र बैङ्कखाता नं. रुजु सहितको बैकको पत्र । |
| ७. | नजिकको हकवालाको पासपोर्ट साइजको एक प्रति फोटो । |

- मृत्यु भएको मितिले १ बर्ष भित्र आर्थिक सहायताको लागि निवेदन दिनु पर्नेछ ।
- पेश भएका प्रमाणित कागजात संलग्न गरी सम्बन्धित न.पा/गा.पा. को प्रमुख प्रशासकिय अधिकृतबाट सिफारिस भएको हुनुपर्नेछ ।
- आर्थिक सहायताका लागि निइने निवेदन र स्थानीय तहको सिफारिसको ढाँचा सचिवालयको वेव साइट २२२।भउद।नयख।लउ बाट प्राप्त गर्न सकिने छ ।

**नोट :**

यस सम्बन्धी थप जानकारीका लागि कल सेन्टरको ११४१ वा टोल फ्रि नं. १६६००१५०००५ मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै **स्थानीय निकायबाट निवेदन दिन** यस नगरपालिकाको **रोजगार सेवा केन्द्रमा** सम्पर्क राख्न सकिनेछ वा सिधै **बैदेशिक रोजगार वोर्डमा** निवेदन दिन सकिने ब्यवस्था छ ।